जोरायल गाउँपालिका
(Jorayal Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय, डोटी
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)
DOTI

आ.व. २०७७/०७८
सूचना नं. ७९

रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदुरपश्चिम प्रदेश, नेपाल २०७३

मितिः २०७८।०२।२५

## प्लाष्टिकजन्य पदार्थ प्रयोग नगर्ने सम्बन्धी सूचना!

प्रस्तुत विषयमा नेपाल सरकारले मिति २०७८ श्रावण १ देखि लागू हुने गरी प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा प्रतिवन्ध लगाएको छ । सपिङ्गमल तथा डिपार्टमेन्ट स्टोर लगायत सबै व्यापारिक प्रतिष्ठानमा प्लाष्टिकको झोलाको सट्टा ससूची, जुट वा कागजका झोला प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको तथा ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला वा सीट उत्पादन गर्ने उद्योगले पुरानो मेशिनको पाटपूर्जा प्रतिस्थापन गरी नयाँ जडान गरेमा हुने थप लगानी बराबरको रकम पुंजीगत अनुदान उपलब्ध गराईने व्यवस्था समेत नेपाल सरकारको आ.व. २०७८/०७९ को आय - व्ययको सार्वजनिक जानकारी बक्तव्यमा उल्लेख गरिएको समेतका जानकारी बन तथा बातावरण मन्त्रालय, वातावरण विभागको मिति २०७८।०२।१९ गतेको पत्रबाट जानकारी प्राप्त भएको हुँदा कार्यान्वयन गरिदिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७८।२।२५
नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत